**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २६ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि सिक्किमको तीन दिने भ्रमणमा हुनुहुन्छ। उहाँले अर्किडोरियमको भ्रमण साथै पिङ्क बसलाई हरियो झण्डा देखाउनु भयो।

- केन्द्र सरकारले घुसपैठ र अन्य कारणले गर्दा हुने जनसांख्यिकीय परिवर्तनका चुनौतीहरूको सामना गर्न एक उच्चस्तरीय समिति गठन गरेको छ।

- पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले अन्नपूर्ण योजनाका फारमहरू बुधबार नवान्नबाट जारी गरिने घोषणा गर्नुभएको छ।

- आगामी एक जुनदेखि टाईगर हिलको टोकन हटाइनेबारे हालसम्म कुनै स्पष्ट नभएको दार्जीलिङका महकुमा अधिकारी डा.बनोमली रोय बताउनु भएको छ।

- कर्मचारी भविष्य निधि संगठनले 7 करोड़ 30 लाख रुपियाँ बकाया भुक्तानी नगरेकोमा लङभ्यू चियाबारीका निर्देशक सौरभ गर्ग विरुद्ध पक्राउ वारेन्ट जारी गरेको छ।

**राष्ट्रपति - सिक्किम**

राष्ट्रपति द्रौपदी मुर्मु सिक्किमको तीन दिवसीय भ्रमणका लागि आज गान्तोक आईपुग्नुभयो। लिबिङ हेलिपेडमा राज्यपाल ओमप्रकाश माथुर, मुख्यमन्त्री प्रेम सिंह तामाङ र अन्य वरिष्ठ विशिष्ट व्यक्तित्वहरूले राष्ट्रपतिको स्वागत गर्नु भयो। आफ्नो भ्रमणको पहिलो दिन, राष्ट्रपतिले राज्यमा सुरक्षित र पहुँचयोग्य परिवहन सुविधा सुधार गर्ने उद्देश्यले महिलाहरूका लागि समर्पित पिंक बसहरूलाई हरियो झण्डा देखाउनु भयो। राष्ट्रपतिले सिक्किमको समृद्ध पारिस्थितिक र पुष्प सम्पदाको अवलोकन गर्न रिज पार्कमा रहेको अर्किडेरियमको पनि भ्रमण गरि त्यसको अवलोकन गर्नुभयो। उहाँले दुर्लभ पाण्डुलिपि र बौद्ध सांस्कृतिक कलाकृतिहरूको संरक्षणका लागि प्रसिद्ध नामग्याल तिब्बत विज्ञान संस्थानको पनि भ्रमण गर्ने कार्यक्रम छ। भ्रमणको दोस्रो दिन, राष्ट्रपतिले नाथुला पासको भ्रमण गर्नुहुनेछ र गान्तोकमा रहेको सिक्किम विश्वविद्यालयको 7 औ दीक्षान्त समारोहमा भाग लिनुहुनेछ। आफ्नो भ्रमणको अन्तिम दिन, उहाँले सिक्किम पुलिसलाई प्रतिष्ठित "राष्ट्रपति पुलिस ध्वज" प्रदान गर्नुहुनेछ। यसका साथै, सिक्किम यो प्रतिष्ठित सम्मान प्राप्त गर्ने देशको 15औं राज्य बन्नेछ।उहाँलाई लोकभवनमा राज्यपाल तथा मुक्यमन्त्री द्वारा राज्यको जनताको पक्षमा न्यानो स्वागत जनाउनुभयो।

**केन्द्र समिति जनसांख्यिकीय बदलाव**

केन्द्र सरकारले घुसपैठ र अन्य कारणले गर्दा हुने जनसांख्यिकीय परिवर्तनका चुनौतीहरूको सामना गर्न एक उच्चस्तरीय समिति गठन गरेको छ।केन्द्रीय गृहमन्त्री अमित शाहले एक सोशल मीडिया पोस्टमा भन्नुभएको छ यस समितिको अध्यक्षता सर्वोच्च न्यायालयका पूर्व न्यायाधीश प्रकाश प्रभाकर नाओलेकरले गर्नुहुनेछ।जनगणना आयुक्तका साथ पूर्व आईएएस अधिकारी दुर्गा शंकर मिश्रा, पूर्व आईपीएस अधिकारी बालाजी श्रीवास्तव र अर्थशास्त्री डा. शमिका रविलाई यस समितिको सदस्य नियुक्त गरिएको छ।गृह मन्त्रालयमा संयुक्त सचिवले यस समितिमा सदस्य सचिवको रूपमा कार्य गर्नुहुनेछ।प्रधानमन्त्री नरेन्द्र मोदीले गत वर्ष लाल किल्लाबाट स्वतन्त्रता दिवसको भाषणमा जनसांख्यिकीय परिवर्तन सम्बन्धी

उच्चस्तरीय समिति गठनको घोषणा गर्नु भएको थियो।श्री अमित शाहले भन्नुभयो घुसपैठ र अन्य कारणहरूले गर्दा अस्वाभाविक जनसांख्यिकीय परिवर्तनहरू भइरहेका छन्, जुन कुनै पनि राष्ट्रको वर्तमान र भविष्यको लागि ठूलो चुनौती हो।

**अमित शाह भ्रमण**

केन्द्रीय गृहमन्त्री अमित शाहले जुनको मध्यमा पश्चिम बंगालको भ्रमण गर्नुहुने सम्भावना छ ।आधिकारिक सुत्रहरूले आज यसको जानकारी दिएका छन्।गृहमन्त्री शाहले सुरक्षा व्यवस्थाको समीक्षा गर्न सीमावर्ती क्षेत्रहरूको भ्रमण गर्ने सुत्रहरुले बताएका छन्। यसका साथै सीमा सुरक्षा, घुसपैठ, गाईवस्तु र लागूऔषध तस्करी तथा सीमा क्षेत्रमा सुरक्षा सम्बन्धी उच्चस्तरीय समीक्षा बैठक पनि हुनेछ।सूत्रहरु अनुसार गृहमन्त्रीले सीमा सुरक्षा बलका वरिष्ठ अधिकारीहरू, राज्यका मुख्यमन्त्री शुभेन्दु अधिकारी र प्रशासनिक अधिकारीहरूकासैथ भेटघाट गर्ने सम्भावना छ। सीमावर्ती जिल्लाका पुलिस अधिकारीहरूलाई सतर्क रहन निर्देश दिइएको छ।

**शुभेन्दु प्रशासनिक बैठक**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज कल्याणीमा आयोजित प्रशासनिक समन्वय बैठकपछि कैयन ठूला घोषणाहरू गर्नुभयो। बैठकमा नादिया, उत्तर 24 परगना र हुगली जिल्लाका प्रशासनिक अधिकारीहरू सहित मंत्रिमंडलका सदस्यहरू उपस्थित थिए।मुख्यमन्त्रीले लक्ष्मी भण्डार योजनालाई अन्नपूर्ण भण्डार योजनामा  परिवर्तित गर्ने प्रक्रिया चाँडै पूरा हुने बताउनुभयो। उहाँले अन्नपूर्ण योजनाका फारमहरू बुधबार नवान्नबाट जारी गरिने घोषणा गर्नुभएको छ।यो फारम अनलाइन र अफलाइन दुवै माध्यममा उपलब्ध हुनेछ। योजनाका लाभ लिनका लागि लाभार्थीहरुले फारम भर्नु अनुवार्य छ। मुख्यमन्त्री अनुसार, जति चाँडो नामांकन प्रक्रिया पूरा हुन्छ, त्यति नै चाँडो लाभहरू प्राप्त हुन थाल्नेछन्।
अन्नपूर्ण भण्डार योजना पूर्ण रूपमा सञ्चालन नभएसम्म लाभार्थीहरूले लक्ष्मी भण्डार योजनाबाट लाभ पाईरहने छन् भनि उहाँले स्पष्ट पार्नुभयो। अन्नपूर्ण भण्डारको प्रक्रिया बुधबारदेखि सुरु हुनेछ। मुख्यमन्त्रीले यो योजनाको लाभ भारतीय नागरिकहरूले मात्र पाउन सक्ने पनि बताउनुभयो।
राज्य सरकारले माँ क्यान्टिन बारे पनि एउटा ठूलो निर्णय गरेको छ। अब साताको दुई दिन पाँच रुपियाँमा माछा र भात क्यान्टिनमा उपलब्ध गराईनेछ। मुख्यमन्त्रीले राज्यमा हाल लगभग 400 माँ क्यान्टिन सञ्चालित भईरहेको बताउनुभयो। स्वास्थ्य विभाग बारे पनि एउटा महत्त्वपूर्ण घोषणा गरिएको छ।मुख्यमन्त्रीले आयुष विभागलाई स्वास्थ्य विभागबाट अलग गरिने र अब यो विभागले स्वतन्त्र रूपमा काम गर्ने बताउनुभयो।उहाँले  भन्नुभयो स्वास्थ्य साथी योजनालाई आयुष्मान भारत योजनामा रूपान्तरण गर्ने प्रक्रिया सुरु गरिएको छ। यो प्रक्रिया पूरा नभएसम्म मानिसहरूले स्वास्थ्य साथी योजनाको लाभ प्राप्त गरिरहनेछन्।

**राज्य सरकार होल्डिङ सेन्टर**

पश्चिम बंगालको शुभेंदु सरकार द्वारा "होल्डिङ सेन्टर" स्थापना गर्ने निर्देश पछि, उत्तर 24 परगना जिल्लाको हाकिमपुर सीमा क्षेत्रमा हलचल बढ़ेको छ। आज बिहान सीमा सुरक्षा बल (BSF) चेकपोस्ट नजिकै ठूलो संख्यामा अवैध बंगलादेशी नागरिकहरू आफ्ना सामानहरू लिएर भेला भएको देखियो।प्रत्यक्षदर्शीहरू अनुसार हिजो पनि चेकपोस्ट नजिकै स्थापना गरिएको अस्थायी शिविरमा लगभग 100 बांग्लादेशी घुसपैठिहरु उपस्थित थिए भने 30 देखि 40 जना बाहिर पर्खिरहेका थिए।हालै, प्रदेशको नयाँ राज्य सरकारले अवैध बंगलादेशी र रोहिंग्या नागरिकहरूलाई उनीहरुको देश फिर्ता पठाउन विशेष "होल्डिंग सेन्टर" स्थापना गर्न निर्देश जारी गरेको छ। सरकारले जिल्लाधिकारिहरूलाई आ-आफ्नो अधिकार क्षेत्रमा होल्डिंग सेन्टरहरू स्थापना गर्न र सकेसम्म चाँडो थप कारबाही सुरु गर्न निर्देश दिएको छ।गत वर्ष अक्टोबरमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण अभियानको घोषणा पछि पनि यस्तै स्थिति देखिएको थियो।त्यस बेला, न्यूटाउन, दमदम र डानकुनी क्षेत्रबाट कैयन अवैध बंगलादेशी नागरिकहरू हाकिमपुर सीमा हुँदै बंगलादेश फर्किरहेको खबरहरु प्रकाशमा आएका थिए।

**रंजन सरकार राजीनामा**

राज्यमा सत्ता परिवर्तन पछि, सिलगढी नगर निगममा राजनीतिक गतिविधि तीव्र भएको छ। तृणमूल कांग्रेसका पार्षदहरूको व्हाट्सएप ग्रुपमा, उपमेयर रंजन सरकारले परिषद् दलको नेताको पद त्याग्ने आफ्नो मनसाय स्पष्ट रूपमा संकेत

गरेका छन्।प्राप्त जानकारी अनुसार हिजो नगर निगममा पार्षद दलको बैठक तय गरिएको थियो, जुन प्रत्येक बोर्ड मीटिंगभन्दा पहिले हुन्छ। तर, रञ्जन द्वारा पद छोड़ने इच्छा जताएको कारण बैठक स्थगित गरियो। मेयर गौतम देवले पनि यस कुराको पुष्टि गर्दै रञ्जन सरकारको प्रस्ताव बारे उहाँलाई जानकारी भएको र यस मुद्दामा उहाँसित कुराकानी गर्ने बताउनुभयो। जिल्ला तृणमूलका एक प्रमुख नेता मानिने 15 नम्बर वार्डका पार्षद रञ्जन सरकारले आफ्नो निर्णयले पार्टी भित्र हलचल मच्चाएको छ। यस्तो स्थितिमा, रंजन सरकारको यो कदमले तृणमूलका लागि थप समस्या उत्पन्न हुन सक्छ।

**एसडीओ - दार्जीलिङ**

आगामी एक जुनदेखि टाईगर हिलको टोकन हटाइनेबारे हालसम्म कुनै सपष्ट नभएको दार्जीलिङका महकुमा अधिकारी डा.बनोमली रोय बताउनु भएको छ। उहाँले अघिल्लो आदेश नआएसम्म टोकन प्रक्रिया जारी रहने बताउनु भएको छ।

BYTE

**लङ्भ्यु- वारेन्ट**

कर्मचारी भविष्य निधि संगठनले 7 करोड़ 30 लाख रुपियाँ बकाया भुक्तानी नगरेकोमा लङभ्यू चियाबारीका निर्देशक सौरभ गर्ग विरुद्ध पक्राउ वारेन्ट जारी गरेको छ। वारेन्ट सिलगढी क्षेत्रीय कार्यालयका सहायक पीएफ कमिश्नर अंकित श्रीवास्तवद्वारा खरसाङ थानामा पठाइएको जानकारी प्राप्त भएको छ। यदि पूर्ण रकम तुरुन्तै डिमान्ड ड्राफ्ट मार्फत भुक्तानी नगरिएमा पुलिसलाई गर्गलाई पक्राउ गर्न र २४ घण्टा भित्र सिलिगढीको भविष्यनिधि भवनमा रहेको रिकभरी अधिकारीसमक्ष पेश गर्न निर्देशन दिएको छ, । कर्मचारी भविष्य निधि ऐन १९५२ अन्तर्गत २०१३ देखि २०२२ सम्मको अवधिलाई बक्यौताले समेट्छ। स्मरण रहोस्, दार्जिलिङका सांसद राजु बिष्टको  १९ मईमा लङभ्यू चियाबारीको भ्रमणपछि सार्वजनिक कोषमा चुक्ता नगर्नेहरू विरुद्ध कारबाहीको लागि कडा चेतावनी दिनु भएको थियो। श्री विष्टले जिल्ला प्रशासन, पुलिस र श्रम अधिकारीहरूलाई तत्काल संकट समाधान गर्न दबाब दिनु भएको थियो भने, कामदारहरूलाई मुख्यमन्त्री शुभेन्दु अधिकारीको नेतृत्वमा रहेको पश्चिम बंगालको भाजपा सरकारले न्याय सुनिश्चित गर्नेछ भन्ने आश्वासन पनि दिनु भएको थियो।   6 महिनादेखि भुक्तानी नभएको ज्याला र पीएफ,  र अन्य पारिश्रमिकमा ११ करोड रुपियाँभन्दा बढी बाँकी रहेको भन्दै कामदारहरू हाल पनि रिले अनशनमा छन्।

**नोमन राई- बिजनबारी**

बिजनबारीमा गोजमुमो पुल बिजनबारी गोक समष्टिको आयोजनामा तथा गोरामुमो ,भाजपा अनि क्रामाकपा समर्थकहरूको संयुक्त सभा सम्पन्न भयो। सभापछि पत्रकारहरूलाई सम्बोधन गर्ने क्रममा गोजमुमो पुल बिजनबारी गोक समष्टि संयोजक अजय सुब्बाले आगामी 6 जुनको दिन समष्टिमा दार्जीलिङ विधानसभा क्षेत्रका नव निर्वाचित विधायक नोमन राईले भ्रमण गर्ने बताउनु भएको छ। विधायकले राईले सिङला केराबारी,  कर्मटार,  गोक  पुलबजार हुँदै बिजनबारीसम्म भ्रमण गर्दै मतदाताहरूलाई आभार प्रकट गर्ने कार्यक्रम रहेको पनि जानकारी प्राप्त भएको छ ।

**कालेबुङ - भाजपा**

कालेबुङमा भारतीय जनता पार्टीको थप एक नयाँ कार्यालयको उद्घाटन गरिएको छ। भाजपा जिल्ला समिति अध्यक्ष  सञ्जीव लामा, उपाध्यक्ष शुभ प्रधान, महासचिव  सोङदेन् लेप्चा , अन्य पार्टी प्रतिनिधि अनि कार्यकर्ताहरूको उपस्थितिमा  कार्यलयको उद्घाटन गरिएको छ। कार्यलय उद्घाटनपछि जिल्ला महासचिव सोङदेन लेप्चाले कालेबुङमा पहिलेबाट नै मिसन कम्पाउन्डमा जिल्ला कार्यलय सञ्चालन भइरहेको र अह मगल धाम नजिक थप एक नयाँ कार्यलयको उद्घाटन गरिएको बताउनु भयो। उहाँले यी दुवै पार्टी कार्यलयमा जनगुनासो सुन्न समर्पित गरिएको  पनि बताउनु भयो।

**गोरमुमो- मिरिक**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा मिरिक ब्लक कमिटी टोलीले आज मिरिक खण्ड विकास कार्यालयमा पुगेर विभिन्न जनसरोकारका विषयहरूलाई लिएर सह खण्ड विकास अधिकारीसमक्ष ज्ञापन पत्र पेश गरेको छ। ब्लक कमिटी सभापति समिर तामाङ तथा सचिव सुजित तामाङको नेतृत्वमा पुगेको टोलीले पञ्चायत क्षेत्रभित्र सञ्चालन भएका विभिन्न विकासमूलक

योजनाहरूमा कथित रूपमा भएको भ्रष्टाचारप्रति गम्भीर ध्यानाकर्षण गराउँदै आवश्यक छानबिन तथा कारबाहीको माग गरेको छ। यसरी नै टोलीले सय दिने रोजगार योजना, हर घर जल योजना लगायत अन्य योजनाहरूमा देखिएका समस्याहरु बारे प्रत्यक्ष रूपमा अवगत गराउँदै अब उप्रान्त सबै सरकारी सुविधा तथा सहुलियतहरू पारदर्शी र निष्पक्ष ढङ्गले जनसाधारणसम्म पुऱ्याइनु पर्ने विषयमा ध्यान आकर्षण गरिएको जानकारी गोरामुमो मिरिक ब्राञ्चका सदस्य सहदेव रनपहेलीले जानकारी गराउनु भएको छ। यस क्रममा खण्ड विकास सह-अधिकारी मिलन मलेडकारले भविष्यमा सहकारी तथा विकाससम्बन्धी सम्पूर्ण कार्यहरू निर्धारित नियम–कानुन अनुसार पारदर्शी ढङ्गले सञ्चालन गरिने प्रतिबद्धता व्यक्त गर्नु भएको पनि श्री रनपहेलीले बताउनु भएको छ।

**जीटीए कर्मचारी- मन घिसिङ**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा केन्द्रीय कार्यालय दार्जीलिङमा जीटीए कर्मचारी संगठनका प्रतिनिधिहरूले पार्टी अध्यक्ष मन घिसिङसँग शिष्टाचार भेटघाट गर्दै विभिन्न महत्वपूर्ण विषयमा छलफल गरेका छन्। देव प्रकाश खवासको नेतृत्वमा पुगेको प्रतिनिधिमण्डलले पार्टी अध्यक्ष मन घिसिङ समक्ष कर्मचारीहरूको विभिन्न समस्या, माग तथा समसामयिक विषयहरूबारे जानकारी गराएका उनीहरूले वर्तमानमा जीटीएभित्र कार्यरत कर्मचारीहरूले भोगिरहेका समस्याहरूलाई सकारात्मक रूपमा समाधान गरिदिन संगठनले श्री घिसिङसँग विशेष अनुरोध गरेका छन्। गोरमामुमो अध्यक्ष मन घिसिङले पनि कर्मचारी संगठनद्वारा उठाइएका विषयहरूलाई गम्भीरतापूर्वक लिँदै ती समस्याहरू समाधानका निम्ति आवश्यक पहल गरिने आश्वासन दिनु भएको छ।

**********